Total No. of Printed Pages—7

**X/15/N**

**2 0 1 5**

# NEPALI

( INDIAN LANGUAGE )

**( CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( CANDIDATES WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours
( For Both Categories of Candidates )

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by both Regular and Private Candidates.

(iv) Question Nos. **14** and **15** are to be answered by Private Candidates without Internal only.

**1.** थोरै शब्दहरूमा उत्तर लेख : 1×5=5

(क) हरिले कुन परेवालाई ताकेर हान्दा लागेछ?

(ख) तेह्र वर्ष बितेपछि कुन महीनामा सानी र रत्ना फर्केर सुबेदारका घर आए?

(ग) सुबेदारको घरमा काम गर्ने नोकर कहाँ जाने भयो?

(घ) हरिले सानीलाई पढाउँदा तीन महीना नपुग्दै सानी कुन पाठसम्म पुगी?

(ङ) सानीको ससुरो कस्तो मानिस थियो?

**2.** 'माइत घर' उपन्यासको आधारमा हरि र सानी-को बाल्यकालको वर्णन गर। 5

**3.** कुनै **दुइ** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) 'नासो' कथामा सुभद्रा र देवीरमण-ले सन्तान नहुँदा सन्तान पाउनको निमित्त के-के उपाय गरे?

(ख) डॉ० पारसमणि प्रधानलाई किन व्याकरणाचार्य भन्न सकिन्छ? उनले लेखेका कृतिहरूका नाम लेख।

(ग) 'अल्झेको इच्छा' कथामा बढदै गरेको छोरालाई बाबु र आमा-ले भविष्यमा के-के पढाउने इच्छा गरेका छन्?

(घ) राष्ट्रभाषा तथा मातृभाषा भनेको के हो? हाम्रो मातृभाषा कुन हो? सभ्यजातिको चिह्न के हो?

**4.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''पहिलेको रने र अहिलेको रने-मा जमीन आसमानको फरक छ।''

(ख) मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्दछ न कि आफूलाई परिआँउदा।

(ग) शिक्षाको मूल उद्देश्य खालि जीवन यापन गर्नु वा जीविका चलाउनु मात्र नभई जीवनलाई सौरभमय बनाई सार्थक पार्नु हो।

**5.** संक्षेपमा उत्तर लेख : 2×3=6

(क) टुकी ल्याएर रनेले लाहुरेको कोठामा हेर्दा के-के देख्यो?

(ख) हरगोविन्द खुराना बाहेक अरू कुन-कुन भारतीयहरूले नोबेल पुरस्कार पाए?

(ग) शिक्षाले मानिसलाई के बनाउँछ?

**6.** थोरै शब्दहरूमा उत्तर लेख : 1×5=5

(क) वंशावली भनेको के हो?

(ख) हरगोविन्द खुरानाले कोसित बिहे गरे?

(ग) सुभद्राले काखीमुनि के छोपेकी थिइन्?

(घ) डा० पारसमणि प्रधानका पिता तथा माताको नाम के हो?

(ङ) 'चिठी' के हो? कथा/निबन्ध/उपन्यास।

**7.** सारांश लेख (कुनै **एक**) : 7

(क) 'स्वीट फल्स'—गोपीनारायण प्रधान

(ख) 'गरीब'—लक्ष्मीप्रसाद देवकोटा

(ग) 'गौंथलीको चिरिविरि'—लेखनाथ पौड्याल

**8.** संक्षेपमा उत्तर देऊ : 2×3=6

(क) ''कल्पतरुको खोज छोडी, यथार्थमा आऊ तिमी''—यो भनाइको अर्थ स्पष्ट पार।

(ख) '''बाइसिकल'-को ट्यूब जस्तो, यो जीवन कति टिठलाग्दो छ।'' यस भनाइको अर्थ के हो?

(ग) ''हे कवि हो, जीवनको निम्ति नगाओ चिहानको निम्ति मात्रै गाओ।'' यस भनाइको अर्थ खोल।

**9.** थोरै शब्दहरूमा उत्तर लेख : 1×5=5

(क) अपराध कसरी भाग्छ रे?

(ख) 'बटुवा' भनेको के हो?

(ग) 'जीवन : एक दृष्टि' कवितामा कविले मानिसको जीवनलाई केसित तुलना गरेका छन्?

(घ) 'सञ्चयरोग'-को अर्थ के हो?

(ङ) 'भानुभक्तप्रति' कविता कसले रचेका हुन्?

**10.** कुनै **एउटा** उखानको अर्थ खोल : 3

(क) संगत गुणाको फल

(ख) बनको काँडालाई तिखार्नु पर्दैन

(ग) मुखमा राम राम बगलीमा छुरा

**11.** (क) सन्धिविच्छेद गर : ½+½=1

अत्याचार ; कुशासन।

(ख) लिङ्ग परिवर्तन गर : ½+½=1

सुबेदार ; पाठिका।

(ग) उल्टो शब्द लेख : ½+½=1

ध्वंस ; उत्थान।

(घ) धातु र प्रत्यय छुट्याएर देखाऊ : ½+½=1

घुमक्कड ; जानु।

(ङ) विशेषण बनाऊ : ½+½=1

विष ; शिशु।

(च) एउटै शब्दमा लेख : ½+½=1

*(i)* एक एक दिन विराएर हुने काम

*(ii)* दुइवटा नदी मिलेको ठाउँ

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

"के तिमीलाई आफ्नो जीवनको माया छ? तब मायालाई बरबाद नगर किनभने जीवन समयले बनेको छ"—बेंजामिन फ्रेंकलिनले यसो यसो भनेका थिए अनि फ्रेंकलिन दुनियामा अगाडि बढेका थिए किनभने उनले समयको मूल्य बुझेका थिए। महान व्यक्तिहरू समयको मूल्य जान्दछन् र सफलताको सगरमाथामा पुग्छन्। भोलि गर्ने काम आजै गर, आज गर्ने काम अहिले गर। पलमा प्रलय हुन सक्छ, भोलि के हुन्छ कसले जान्दछ? फेरि त्यो काम कहिले गर्छौ? महात्मा कबीरदासको यो अमरवाणी हामीले छातीमा सिउरेर हिंड्नु पर्छ। हाम्रो समय सीमित छ र प्रत्येक पल मूल्यवान छ। 'कला लामो छ र जीवन छोटो छ'—कवि वड्र्सवर्थले यसो भन्छन्। प्रत्येक दिन हाम्रो सामु मित्र जस्तो भएर उपस्थित हुन्छ र प्रत्येक दिनले प्रकृतिको मूल्यवान उपहार लिएर आँउछ। मौका फेरिफेरि आउँदैन। प्रत्येक सुन्दर प्रातःकाल सुन्दर वस्तुहरू लिएर उपस्थित हुन्छ। कुनै बुद्धिमानले ठीकै भनेका छन्—हराएको सम्पत्ति उद्योगले पाउन सकिन्छ, बिर्सेको विद्या पठन-पाठनले फेरि याद हुन्छ, नष्ट भएको स्वास्थ्य औषधि र संयमले प्राप्त हुन्छ तर विनष्ट भएको समय सदाका निम्ति जान्छ, त्यो सपनाको चीज हुन्छ।

(क) बेंजामिन फ्रेंकलिनले के बुझेका थिए? 1

(ख) कला र जीवन कस्तो छ? 1

(ग) महात्मा कबीरदासले के भन्छन्? 1

(घ) हाम्रो समय कस्तो छ? 1

(ङ) को हाम्रो सामु मित्र जस्तो भएर उपस्थित हुन्छ? 1

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) अनुशासन

(ख) खेलकुदको महत्त्व

(ग) नशालु पदार्थ

(घ) समाचार-पत्र

(ङ) पानीको उपयोगिता

**[ For Candidates without Internal Assessment ]**

**14.** अति संक्षेपमा उत्तर देऊ : 1×10=10

(क) वसन्तराज जोशीद्वारा लिखित पाठको नाउँ लेख।

(ख) कृष्णप्रसाद ज्ञवालीद्वारा रचित कविताको नाउँ के हो?

(ग) 'स्वीट फल्स' कविता लेख्ने व्यक्ति को हुन्?

(घ) पुष्कर शमशेरले लेखेको पाठको शीर्षक के हो?

(ङ) 'शिक्षाको उद्देश्य' पाठका लेखक को हुन्?

(च) दीपावली चाडले रत्नालाई के-को याद ल्याउँछ?

(छ) हरिले परेवालाई केले हानेको थियो?

(ज) लैनसिंह वाङ्देलको उपन्यासअनुसार माइत घर कहाँ छ?

(झ) हरिको बाबुको नाउँ के हो?

(ञ) वाङ्देलद्वारा लिखित उपन्यासको नाउँ के हो?

**15.** कोष्ठबाट सही शब्द छानी वाक्य पूरा गर : 1×10=10

(क) हरगोविन्दका (दाजु/भाइ) नन्दलाल मितव्ययी थिए।

(ख) हरगोविन्द खुराना पाँच भाइ-बहिनीहरूमा सबैभन्दा (जेठो/कान्छो) थिए।

(ग) नेपाली भाषामा (कुट/अनुकरण) शब्दको विशेषता छ।

(घ) नेपालीमा पढाइनै राम्ररी हुँदैन भनी (बाबुको/शिक्षकको) शिरमा आफ्नो दोष नबिसाऊ।

(ङ) 'चिठी' पाठमा उल्लेखअनुसार (गुन्द्रुक/स्याउ) खाँदै नखाऊ भनेको होइन, नास्पातीको रस पनि लेऊ भन्ने मनसाय हो।

(च) सभ्य जातिको चिह्न (उपन्यास/साहित्य) हो।

(छ) नौलीले (लक्ष्मीलाई/देवीरमणलाई) सुभद्राको खबर भनी।

(ज) सुभद्राले घर छोडेर (गौरीघाट फुपू/रातामाटा माइजू)-कहाँ गइन्।

(झ) सुशीलले (सुभद्रालाई/लक्ष्मीलाई) आमा भन्थ्यो।

(ञ) देवीरमण (नासो/परिबन्द) पाठका पात्र हुन्।

★★★